# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, कात्तिक ११ गते, २०७८ साल (अतिरिक्ताङ्क १७

## भाग ४

## प्रदेश प्रमुखको कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना १

माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम बागमती प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेता माननीय राजेन्द्रप्रसाद पाण्डेलाई मिति २०७८।०७।११ गते बागमती प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

# सूचना २

माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम माननीय मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको सिफारिसमा मिति २०७८।०७।११ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजन समेत गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | नाम, थर | पद नाम | कार्य विभाजन |
|---|---|---|---|
| १. | श्री राजेन्द्रप्रसाद पाण्डे | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना, उद्योग, पर्यटन, वन तथा वातावरण, स्वास्थ्य र भूमि व्यवस्था, कृषि तथा सहकारी |
| २. | श्री कृष्ण प्रसाद शर्मा खनाल | मन्त्री | आन्तरिक मामिला तथा कानून |
| ३. | श्री कुमारी मुक्तान | मन्त्री | सामाजिक विकास |
| ४. | श्री कृष्णलाल भडेल | मन्त्री | भौतिक पूर्वाधार विकास |

# सूचना ३

बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता श्री ओम प्रसाद थपलियाले नेपालको संविधानको धारा १६० को उपधारा (४) को खण्ड (क) बमोजिम माननीय मुख्यमन्त्री मार्फत माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्मा समक्ष मिति २०७८।०७।११ गतेदेखि लागू हुने गरी मुख्य न्यायाधिवक्ताको पदबाट लिखित राजीनामा दिनु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**कृष्ण प्रसाद आचार्य**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-